दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २५२ | बुटवल | २०८१ भदौ २२, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Sept.07 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
हाेइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१





*आ-आफ्नै धुन :*
*तिजको उपलक्ष्यमा बुटवलको बुद्धनगरमा नाचगान गरेर रमाउँदै हिन्दु धर्मावलम्बी नारीहरु (बायाँ)। भाद्र शुक्ल तृतीयाका दिनमा मनाइने हरितालिका तिज पर्व शुक्रबार वैदिक सनातन हिन्दू धर्मावलम्बी नारीहरूले महादेवको पूजा आराधना र नाचगान गरी मनाएका छन्। तिजकै दिन बुद्धनगरकै सडक किनारमा तरकारी बेचेर गुजारा गर्ने एक महिला (दायाँ)। तस्विर : दैनिक लुम्बिनी*

## योजना र पूर्वाधार अभावमा जगदीशपुर ताल ओझेलमा



**विकास बञ्जाडे**
*कपिलवस्तु*

प्रशस्त पर्यापर्यटनको सम्भावना बोकको विश्व सिमसार क्षेत्रमा सूचीकृत कपिलवस्तुको जगदीशपुर ताल आसापास योजना र पूर्वाधार अभावमा ओझेलमा परेको छ।

चरा पर्यटनको राम्रो सम्भावना बोकेको नेपालको दोस्रो पंक्षी आरक्षका रुपमा समेत परिचित यस तालमा तिनै तहका सरकारको समन्वय अभावमा विकासको काम अघि बढ्न सकेको छैन। हिउँदमा १ सय ६७ भन्दा बढी प्रजातिका चराचुरुङ्गी, ४६ प्रजातिका माछा तथा दुर्लभ जलचरहरुको बसोबास हुने यस ठाउँमा सिमसार क्षेत्र भएकै कारण देखाउँदै भौतिक पूर्वाधार खासै निर्माण हुन नसक्दा ओझेलमा परेको स्थानीयवासी विष्णु पोखरेल बताउँछन्।

स्थानीय, प्रदेश र संघीय सरकारको समन्वयमा ताल आसपासको क्षेत्रमा सरसफाइ गरी भौतिक संरचना निर्माण हुनुपर्ने अर्का स्थानीय रामअवतार यादवको माग छ।

सिरसारका नाममा काललाई व्यवस्थित गरी पर्यटन पूर्वाधारका काम नगरी मागी खाने भाँडो बनाउन नहुने समाजसेवी हिरालाल पौडेल बताउँछन्।

प्रदेश सांसद एवं पूर्व स्वास्थ्य मन्त्री विष्णु पन्थी जगदीशपुरलाई थप पर्यटन आकर्षणको केन्द्रको रुपमा विकास गर्न आफू लागिपरेको बताउँछन्। १ सय ५७ हेक्टर क्षेत्रफलमा फैलिएको जगदीशपुर ताल एशियाकै मानव निर्मित कृत्रिम मध्येको दोस्रो ठूलो ताल हो।

विश्व सिमसार क्षेत्रमा सूचीकृत पर्यटकीय महत्व बोकेको यस तालमा हिउँदमा साइबेरिया, रुस, चीन, मंगोलिया तथा मध्य एशियाका देशबाट समेत चराचुरुङ्गी आउने गर्दछन्। विश्व सिमसार सूचीमा सूचीकृत जगदीशपुर तालालाई थप व्यवस्थित गर्न सके यहाँ स्वदेशी र विदेशी पर्यटक बढ्ने स्थानीय बासिन्दा बताउँछन्।

## एक हजार कैदी छाड्ने तयारी

बुटवल। सरकारले एक हजारभन्दा बढी कैदीको बाँकी सजाय मिनाहा गरेर एकैपल्ट छाड्ने तयारी गरेको छ। असोज ३ गते संविधान दिवसका अवसरमा उनीहरुलाई छाड्न लागिएको हो।

कारागार व्यवस्थापन विभागका अनुसार, असार ९ गते ७ दिने सार्वजनिक सूचना आह्वान गर्दै ६ सय २० जना कैदीको सजाय मिनाहाका लागि नामावली निकालिएको छ। विभागले मंगलबार पुनः ४ सय ९२ जनाको नामावलीसहित ७ दिने सूचना निकालेको छ। उनीहरुविरुद्ध कुनै उजुरी वा गुनासो भए दिन सूचनामा उल्लेख गरिएको छ।

कारागार व्यवस्थापन विभागका प्रमुख जयनारायण आचार्यले असार ९ गते र भदौ १६ गते निकालिएका नामावलीका कैदीलाई माफी मिनाहाका लागि अब एकैपटक सिफारिस हुने बताए।

आचार्यका अनुसार जेठ १५ गते गणतन्त्र दिवसका दिन माफी मिनाहा गर्नु पर्ने थियो, तर सर्वोच्च अदालतको आदेशपछि नियमावली संशोधनको प्रक्रियाले त्यतिबेला सम्भव भएन र पछि नामावाली प्रकाशित भयो। कुनै अवसर नपरेकाले उनीहरुको माफी मिनाहा रोकिएको हो।

विभागले अघिल्लोपटक निकालेको ६ सय २० जनाको सूचीबाट १९ जनाको नाम हटेको जनाएको छ। उजुरी र गुनासो आएपछि उनीहरुको नाम हटाइएको बताइएको छ। अब यसपटक कैद माफी मिनाहाका लागि करिब एक हजार जनाको नाम सिफारिस हुनेछ। पछिल्लो सूचीमा उजुरीको म्याद सकिएपछि सिफारिस हुने अन्तिम संख्या तय हुने कारागार व्यवस्थापन विभागका प्रमुख आचार्यले बताए।

टीकापुर घटनामा जन्मकैद सजाय पाएका रेशम चौधरी र रिगल भनिने योगराज ढकालको बाँकी कैद माफी मिनाहा गरेपछि जनस्तरबाट व्यापक आलोचना भएको थियो। यो मुद्दा सर्वोच्च अदालतमा समेत पुग्यो र अदालतले कैद माफीलाई बदर गरिदियो।

अदालतले न्यायिक निर्णयको परिणामस्वरुप तोकिएको कैद सजाय कार्यकारिणीको स्वेच्छाचारी तजबिजमा माफी, मिनाहा वा कैद कट्टी हुन नसक्ने फैसला गरेको थियो। माफी दिँदा पीडितको कुनै जानकारी नै नभएको कुरालाई सर्वोच्चले केन्द्रमा राखेर कैद माफिलाई बदर गरेको थियो।

कैद कट्टा नियमावली संशोधन गरेर ज्यानसम्बन्धी कसुरको हकमा पीडितको सहमती लिएर मात्र कैद मिनाहा गर्नुपर्ने व्यवस्था गरिएको छ। विद्यमान व्यवस्थाअनुसार २०७५ भदौ १ गतेभन्दा अगाडि भएको अपराधको हकमा ४० प्रतिशत र त्यसपछि भएको अपराधको हकमा ५० प्रतिशत सजाय काटेकालाई बाँकी कैद छुट दिन सकिने व्यवस्था छ।

सरकारले नियमावली संशोधनपछि ज्यानसम्बन्धी कसुरका कैदका हकमा पीडितका आफन्तको सहमति लिएर मात्र उनीहरुलाई माफी मिनाहाका लागि सिफारिस गरेको छ। संशोधित नियमावलीअनुसार ज्यानसम्बन्धी कसुरको हकमा पीडित आफैँ वा निजको पति, पत्नी, बाबु, आमा, छोरा, छोरी, बाजे वा बज्यैले सहमति दिनुपर्ने भनिएको छ।






## गुणस्तरहीन काम गर्नेलाई छाड्दैनौ : मुख्यमन्त्री आर्चाय

**गणेश खनाल**
*अर्घाखाँची*

लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आर्चायले विकास निर्माणको गुणस्तर कायम सरोकारवालाई निर्देशन दिएका छन्।

मालारानी गाउँपालिका अर्घाखाँचीले शुक्रबार आयोजना गरेको बधाई, स्वागत तथा भेटघाट कार्यक्रममा बोल्दै मुख्यमन्त्री आर्चायले समयमै काम नसक्ने तथा गुणस्तरहिन काम गर्नेलाई सरकारले नछाड्ने बताए।

मुख्यमन्त्री आर्चायले लुम्बिनी सरकार सुशासन कायम गरी अब्बल बन्ने दाबी गर्दै त्यसको सुरुवात मुख्यमन्त्री र मन्त्रीहरूको



आचारसंहिता लागू गरेर सुरु गरिएको बताए। विगतमा विशिष्ट व्यक्तिहरूले पदबाट हटेपछि पनि सरकारबाट ल्याउने सबै खाले सुविधा कटौटी गरी प्रदेश सरकारलाई आर्थिक भारबाट मुक्त गरिएको आर्चाय बताए।

पूर्व आर्थिक योजना मन्त्री समेत रहेका मुख्यमन्त्री आर्चायले अघिल्लो सरकारले ल्याएको बजेटमा पुरक बजेट नआउने बताउँदै पूर्ण कार्यान्वयन गर्न सरकार लागिपरेको बताए। सुरुवात भएका योजनालाई सम्पन्न गर्ने गरी सरकारले योजना बनाइरहेको धारण राखे।

मुख्यमन्त्री आर्चायले ठेकदारले काम गरेर पैसा नपाएको गुनासोबारे आफू जानकार रहेको उल्लेख गर्दै लुम्बिनी प्रदेशमा त्यो समस्या हल गर्न सरकार प्रतिबद्ध रहेको जनाए।

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
पाहुर
२०८१ भदौ २२, गते शनिबार
तपाईंका लागि...

**बिट्विन द लाइन्स्...**

बदनाम मेरा आँखाहरूमा
सपना क-कस्को बोकेर बाँचु।
जिज्ञासास मेरै उत्कण्ठा मेरै
कुन ढुंगालाई ढोगेर हाँसु।

**हरिभक्त कटुवाल**

# उदास खबरलाई सम्बोधन



लक्ष्मण श्रेष्ठ

प्रिय साथी,

चाहेर पनि तिम्रो नाम लिन सक्दिन म।

धैरैपछि तिम्रो समाचार आयो। होइन, धैरैपछि तिमी समाचार बनेर आयौ। एउटा दुखद र निरंकुश समाचार बनेर। एउटा हिंस्रक र आक्रमक समाचार बनेर। एउटा पीडादायी र अश्रुमिश्रित समाचार बनेर। दुःखको मात्रा नाप्ने थार्मोमिटर भए थेग्न नसकेर फुटिसक्थ्योहोला। यति लामो समयखण्डपछि तिमी समाचार बनेर आउनु र हामी हर्षित हुन पनि नपाउनु ? उफ्...

तिमि समाचार बनेर आयौ र ओंठबाट मुस्कान हरायो। आँखाबाट आँशु खसेको भए कम्तिमा शितल त हुन्थ्यो। तर कुन्नि कस्तो पीडाको ज्वाला बोकेर आयौ तिमि आँशु पनि बादल बन्यो। लाग्यो समय टक्क रोकियो। शब्दहरू गायब भए। पृथ्वीको गति रोकियो। र सिंगो संसार सकियो। शून्य महाशून्य बन्यो तिम्रो खबर।

खबर आयो। टोलाएँ। बोल्नै सकिनँ। पछि पो थाहा भयो बर्बराएछु। सम्झनाहरू थिए मनमा। तिनै दोहोऱ्याएछु। एकाएक चल्न थाल्यो सम्झनाको ब्ल्याक एण्ड वाइट चलचित्र।

आँखा बन्द गर्छु तर पनि मनको पर्दामा इ्वाट्ट आइदिन्छन् तिम्रा चञ्चल आँखाहरू । हो, चञ्चल थिए तिम्रा आँखाहरू। ठूला ठूला कैला आँखा। निकै चञ्चल थिए। नाचिरहन्थे। केटाहरू भन्थे- 'तिम्रा आँखामा चुम्बक छ, तानिरहन्छ।' तर आज त्यो चुम्बक आँखाले मेरो निदहराम गरेको छ। सम्झना बर्खाको कुहिरोजस्तो बनेको छ। सिंगो वातावरण ढाकिदिन्छ। केहीपनि देखिँदैन। केही पनि।

खबर आयो। र, मन आत्तियो। किन यस्तो भयो ? प्रश्नको ढुंगाले मनको तलाउ हल्लियो। आत्तिएँ म। सारा संसार आत्तियो। किन तिमिले यसरी अत्ताएको ? तिमी यस्तो त थिएनौ।

तिमी त कक्षाकि असल केटी थियौ। पढ्नेहरू मध्येकी। मेहनत गर्ने तिम्रो बानीको प्रशंसा खुलेर गर्थे मास्टरहरू। खोलापारीबाट आउँथ्यौ तिमी। एक घण्टा हिंडेर। आउने बेला उकालो पर्थ्यो बाटो। पसिनाले निथ्रुक्क भिजेकी हुन्थ्यौ तिमी। सबैभन्दा अघिल्लो बेन्चमा बस्थ्यौ। तिम्रा साथीहरू पनि तिमिजस्तै। हामीलाई डाह लाग्थ्यो तिमीहरूको मेहनत देखेर। मास्टर भन्थे- 'मेहनत गर खुब मेहनत गर। भविष्य राम्रो हुन्छ।' हो त, मेहनत गर्थ्यौ तिमी। खुब। तर पनि किन राम्रो बनेन भविष्य ? आज त तिमी एउटा उदास खबर बनेर आएकी छ्यौ। र समयको अनुहारमा बेचैनीको रंग पोतेर छोडिगएकी छ्यौ। उफ् ...

जिन्दगी कहिलेकाहीं लाग्छ अस्पतालको प्रतिक्षा कुर्सि हो। कुनै पनि बेला जस्तो पनि खबर सुन्न तयार हुनुपर्छ। आफ्नाहरूको नमिठो खबर सुन्नु कम्ता दुःखलाग्दो हुन्छ ?

हाम्रा आ-आफ्ना सपना थिए। आ-आफ्नै रहरहरू थिए। कक्षामा जब चाहनाहरू मिल्दैनथे झगडा हुन्थ्यो। पानी परेको बेला। सरहरू नआएकोबेला। हामी अन्ताक्षरी खेल्थ्यौं। हिन्दी गीतका फ्यान हामी। तिमीहरू लोकगीतका उस्ताद। यहींनेर झगडा पर्थ्यौ हाम्रो। सपनाले जिन्दगी डोऱ्याउँदोरैछ। हामी सपनाका पाइलाहरू पछ्याउँदै जिन्दगीको गोरेटो खन्दारैछौं। तर जब सपना नै बन्दी बन्छ भने। जब ईच्छाहरू नै गोलघरमा पर्छन् भने। जब रहरको पनि सीमा तोकिन्छ भने जिन्दगी पट्यार लाग्दो प्रतिक्षा बन्दोरैछ। सारा सपनाहरूको अवसान भएपछि बाँच्नु मात्र दैनिकिमा सिमित हुँदोरैछ। हरेक दिन बाँच्नु र बाँचिरहनु मात्र एउटा प्रतिक्षा गरेर। सायद तिमीमा पनि त्यस्तै भयोहोला। प्रवेशिका पछि तिम्रा सपनाहरूमा ताल्चा पड्काइयो। कथित संस्कारको ताल्चा। पुराना खिया लागेका सोंचहरूको ताल्चा। र तिमि उहिल्यै भानुभक्तकालिन मान्यताहरूको बन्दी बनाइयौ। जहाँ तिम्रा सारा रहरहरू, चाहनाहरू, ईच्छाहरू, उद्देश्यहरू अवसान हुनपुगे। मन मरेपछि फेरि नब्युँतदोरैछ सायद। तिम्रा ओंठहरूबाट हाँसो गायब भयो।

खबर आयो म सोंचमग्न भएँ।

समाजको तस्विर कोट्याउन मनलाग्यो। हामी त्यस्तो समाजमा हुर्कियौं जसको आफ्नै स्पष्ट तस्विर छैन। एउटा बिब्ल्याँठो समाज। बाटो गएको छ। बाटोमा गाडी कुदेको छ। गाडी चढेर बहुराष्ट्रिय कम्पनीका उत्पादनहरू गएका छन्। विकासको आधुनिक परिभाषा गएको छ। जसले भन्छ- तिर्खा लागे कोक हो पानी होइन। राम्री हुन मन लागे ब्युटीपार्लर जाउ। भोक लागे चाउचाउ खाउ। टिभी, रेडियो, फिल्म र हल्लाहरूको बुइ चढेर गएका 'आधुनिक' मान्यताहरूले हामीलाई निकै प्रभाव पारेका छन्। अनि अर्कोतिर समाजको जगमा आफ्नै मान्यताहरू छन्। हुर्केकी छोरीको छिट्टै विहे हुनुपर्छ। कन्याकेटी धेरै समय माइती बसेको शुभ होइन। छोरीमान्छेलाई पढाउनुहुँदैन। पोथी बासे अपशकुन हुन्छ। बहुराष्ट्रिय कम्पनीका 'आधुनिक' मान्यता र समाजको जगमा रहेका 'पुराना' मान्यताहरूको संसर्गले नयाँ मान्यताको निर्माण भएको छ। 'बिब्ल्याँठो मान्यता'। जसको अनुहार छ तर रूप छैन। शरीर छ आकार छैन।

केटीहरू टिसर्ट, जिन्स पाइन्ट लगाउँछन् र मंगलसुत्र झुण्डाएर हिंड्छन्। बिब्ल्याँठो मान्यताको एउटा तस्विर। महिनावारी हुँदा चुल्हो नछुन छोड्दैनन्। ओंठमा लिपस्टिक पनि दलेकै हुन्छन्। र, सिंगो समाज त्यस्तै मान्यताहरूमा जकडिएको छ। बाहिरबाट हेर्दा 'आधुनिक' देखिन्छ। गुदीमा उहिं पुरानो थोत्रो विचार हुन्छ। जहाँ आधुनिकता कृत्रिम हुन्छ।

र, सायद यिनै बिब्ल्याँठो मान्यताको सिकार बन्यौ तिमी। 'आधुनिक' देखिने समाजले सपनाको अंकुर हालिदियो। गुदीमा पुरानै मान्यता बोकेको समाजले बार बाँधिदियो। दौड पनि भन्यो। खुट्टा पनि तानिऱ्यो। तिमी दौडिन खोज्यौ। आकाश चुम्न खोज्यौ। धर्तीका सारा सौन्दर्य मुहारमा भर्न खोज्यौ। बिब्ल्याँठो समाजले दौडायो र तानिऱ्यो। जब तिमिले थाहा पायौ तिम्रा पाइलाहरू बाँधिएका छन्, मान्यताका पुराना सिक्रीहरूले। जब तिमिले थाहा पायौ तिम्रा यात्राहरू छेकिएका छन्, विवशताका बारहरूले। के तिमि निरास भयौ ?

साथीहरू भन्थे- तिमि बोल्न छोडेकी छ्यौ। तर्किन थालेकी छ्यौ। तिम्रा आँखाहरूबाट चञ्चलता गायब भएको छ। र त्यहाँ खडेरी जस्तै सुख्खा छाएको छ। उफ्! कति खतरनाक हुन्छ आँखाको चञ्चलता हराउनु। ओसिला आँखाहरू सुख्खा हुनु। ओंठबाट मुस्कान हराउनु। जब कोही वर्षौंपछि साथीहरू भेट्दा पनि बोल्दैन भने, मुस्काउँदैन भने, सोंच्नैपर्नेहुन्छ उसको मनमा ज्वालामुखी पड्किएको छ। तिमी अनमेल विवाहको बन्धनमा परिछौं। पढाउनुपर्ने बाध्यताले थिचिएका तिम्रा माइतीहरूले मुक्तिको झुठो निकास भेट्टाएछन्- तिम्रो विहे। सायद तिमिले अस्विकार गऱ्यौ। सायद तिमि रोयौ, करायौ। तर अन्त्यमा विवश बन्यौ। र, तिम्रो विहे भयो। तिम्रो बिहेमा साथीहरू रमाएर जान पाएनन्। खुसी मनाउन पाएनन्। कक्षामा त हामी जिस्काउँथ्यौं नी तेरो विहेमा कम्मर मर्किने गरी नाचिन्छ भनेर। किन एक्लै-एक्लै विहे गऱ्यौ ?

जुन दिनदेखि तिमी बुहारी भित्रियौ। र पायौ एकजोर सन्तान तिम्रा पतिका पूर्व पत्नीका सम्झनाहरू। के त्यही दिनदेखि हो तिम्रो मन मर्न थालेको ?

साथी, जिन्दगी कति नमिठो छ। जे सोंच्यो त्यो हुँदैन। जे नहोस् भन्यो त्यहीं हुन्छ। चाहना र बाध्यताको द्वन्द्वमा गुड्ने जिन्दगीको गाडी थाहै हुँदोरैनछ कतिबेला ब्रेक फेल हुन्छ र अवसानको ओरालो लाग्छ।

खबर आएको छ। एउटा उदास खबर। जहाँ तिम्रा चञ्चल आँखाहरू नाचिरहेछन्। नारायणगोपालले गाएको गीत जस्तै वरिपरि अँध्यारो छ आँखा खोलीहेर्दा। अँध्यारो नै देखिन्छ नी आँखा चिम्लिहेर्दा। र, विडम्बना आज त्यो अँध्यारो तिमि बनेकी छ्यौ। तिम्रा चञ्चल आँखाहरू अँध्यारोको प्रतिक बनेका छन्। सोंचिरहेछु, खुब सोंचिरहेछु। ईच्छाहरू छन्, हरेक मान्छेसँग। चाहनाहरू छन्, सबैसँग। एउटा-एउटा उद्देश्य पालेर मनभरी मान्छेहरू जिन्दगीको उकालो चढिरहेछन्, समयको बैशाखी टेकेर। तर, वास्तविकता कति तितो छ। हामी चिच्याउन खोज्छौं आवाज कतै हराउँछ। रुन खोज्छौं अब त आँशु पनि किन्नुपर्छ। असफल राजनीति। झुठो परिवर्तन। खोक्रा सपनाहरू। र घनचक्करमा परेको जिन्दगी। हरेक मान्छे यहाँ बहुलाउन मात्र बाँकी छ। म त भुकम्प पर्खेर बसेको छु। कम्तीमा यी झुठा मान्यताहरूको भवन भत्किन्थ्यो। कम्तिमा खोक्रा रहरहरूको संरचना भत्किन्थ्यो। जे हुन्थ्यो ठिकै हुन्थ्यो। अवशेषहरूको जगमा नयाँ संरचना त बनाउन हुन्थ्यो। तर तिमिले त त्यो आशा पनि मारिछ्यौ। र, उदास समाचार मात्र बन्यौ। के तिमिले नै लेखेकी हौ यो कविता-

'एउटा गहिरो कालो
समुद्रले मलाई
चुम्बन गर भन्यो'
(आत्महत्या, ल्याङ्स्टन ह्युजेज)

# चीनमा पश्चिमाहरूको पहिलो अध्ययन भ्रमण (मार्को पोलोबारे रोचक वर्णन सहित)

एलेण्ड आयरल्याण्ड

मार्कोपोलोको बाबु निकोलो पोलो र उनका काका माफियो पोलो भेनिसका व्यापारी थिए। सन् १२५० तिर तिनीहरू सबै कन्सान्टीनोपोल जाने व्यापारिक जहाजमा चढे। आफ्नो व्यापारिक माल तह लगाइ सकेपछि उनीहरूले पश्चिमी तारतारको यात्रा गर्ने निर्णय गरे, जहाँ त्यस बेलामा महँगा रत्नहरू तथा गहनाहरूको ठूलो माग थियो। तिनीहरूले सन् १२५४ तिर कन्स्टान्टिनोपोल छाडे र एउटा लामो यात्रापछि पश्चिमी तारतारको प्रमुख बरखको दरबारमा हाजिर भए ।

बरखका दरबारमा एक वर्ष बिताएपछि, उनीहरूले कन्स्टान्टीनोपोल तिरको फिर्ती यात्रा सुरु गरे, तर पूर्वी तारतारको प्रमुख हुलागूसँग बरखको लडाइँ सुरु भएका कारणले फर्कने चल्तीको बाटो बन्द भएको थियो। त्यसो भएपछि उनीहरूले घुमाउरो बाटो समाए र उनीहरू बुखारा शहर पुगे। त्यहाँ उनीहरूले चीनका बादशाह कुबलाइ खानको दरबारमा हुलागूका राजदूतका रूपमा जान लागेको तारतार निवासी एकजना भारदारलाई भेटे। तिनले निकोलोपोलोहरूलाई युरोप फिर्नुको साटो कुबलाइ खानलाई भेट्न जान सहमत गराए, र कुबलाइ खानको कृपा उनीहरूलाई रहने आश्वासन पनि उनीहरूले पाए।

त्यो यात्रा एक वर्ष लामो रह्यो र दरबारमा हाजिर भएपछि उनीहरूलाई चिनियाँ सम्राटले राम्रो स्वागत सत्कार गरे। चीनियाँ सम्राटले युरोपका मामलामा सोधखोज गरिसकेपछि, उनीहरूलाई पोप कहाँ चीनियाँ राजदूतका रूपमा इटली पठाउने निधो गरे। तिनीहरू अप्रिल १२६९ मा एकरे पुगे। उनीहरूले त्यहाँ पुगेपछि पाएको पहिलो समाचार नै पोप क्लिमेन्ट चतुर्थको मृत्यु भएको सुने। त्यसपछि पोपका प्रतिनिधिको सल्लाहको मान्दै, आफूलाई रोममा प्रतिनिधिका रूपमा प्रस्तुत हुनका निम्ति, नयाँ पोपको निर्वाचनसम्म पर्खने निधो गरे ।

त्यसपछि तिनीहरू भेनिस तिर लागे। त्यहाँ नै निकोलोले अर्को समाचार सुने। उनीहरू कन्सान्टीनोपोलबाट यात्रा सुरु गरेको केही समयपछि सन् १२५४ उनकी श्रीमती एउटा बच्चा जन्माएर बितिसकिछन्। र त्यो बच्चा, अहिले १६ वर्षको भइसकेछ भन्ने कुरा थाहा पाए। उनको छोरो मार्को नै पछि प्रसिद्ध यात्री बन्यो।

अकाीतिर, नयाँ पोपको चुनाव धेरै लम्बियो। दुई वर्ष पर्खिसकेपछि, पोलोहरूले आफ्नो काम पूरा नगरिकनै चीन फर्कने निधो गरे। तिनीहरूले आकरे हुँदै आफ्नो यात्रा सुरु गरे। तर, उनीहरूको जहाज किनाराबाट देखिन नछाड्दै आकरेका पोपका प्रतिनिधिले आफैलाई पोपका रूपमा निर्वाचित गराएको कुरा थाहा भयो। भेनिसका यी पोलोहरूलाई फिर्ता बोलाइयो र पोपका राजकीय पत्रहरू दिइयो। सन् १२७१ मा यी तीन पोलोहरू- निकोलो, माफियो र मार्कोले चीनतिरको लामो पैदल यात्रा सुरु गरे।

कुबलाइ खानको दरबारमा उनीहरूको आगमनको राम्रो स्वागत सत्कार भयो। सम्राटले मार्कोलाई मन पराएर उनको नीजि आवासमा नियुक्त गरे। उनी बिस्तारै बिस्तारै त्यहाँको सुविधा सम्पन्न उच्च ओहदामा पुगे र एकपटक त याङ्चाउ शहरको राज्यपाल समेत भए। कुबलाइ खानको सेवामा रहँदै पूर्वी एसियाको व्यापक भ्रमण गरे। उनले चीनका उत्तरी प्रान्तहरू लगायत युनान, बर्मा, कोचीन, चीन र भारतको भ्रमण गरे। उनी अन्त्यमा युरोप फर्के र उनले आफ्नो 'यात्रा' वृत्तान्त लेखे, त्यो एउटा दन्त्यकथा जस्तै छ।

चीनमा १७ वर्ष बिताइसकेपछि मार्कोसँगै चीनमा रहेका उनका बाबु र काकाहरू सबै नै आफ्नो राष्ट्र फर्कन छट्पटाउन थालेका थिए। उनीहरूले युरोप फर्कने अनुमतिका निम्ति कुबलाइ खानलाई विन्ति बिसाए। तर कुबलाइ खान उनीहरूलाई घर फर्कने अनुमति बाहेक सबै कुरा दिन तयार थियोस र स्थिति यस रूपमा विकसित हुन थाल्यो कि यी भेनिसवासीहरूलाई अपरिचित भूमिमा मर्न अभिशप्त रहेको भान हुन थाल्यो। यही समयमा कुबलाइ खानको पनाती नाता पर्ने तथा पर्सियाको राजकुमार अर्घुंको राजदूत त्यहाँ आइपुगे। उक्त राजदूतले अर्घुंकी श्रीमतीको मृत्युको खबर सुनायो र मर्ने बेलामा उनको ठाउँ चीनियाँ दरबारको कुनै राजकुमारीले लेओस् भन्ने निवेदन गरेको सन्देश दियो। उक्त राजदूतको उद्देश्य चीनियाँ राजकुमारी प्राप्त गर्नु थियो। 'त्यो निवेदनलाई सकारात्मक रूपमा लिइयो' भन्दै मार्को पोलो थप्छन् - 'र महाराजधिराजको निर्देशन बमोजिम कोगाटिन नाम गरेकी एउटी सत्र वर्षकी पठ्ठी, साह्रै सुन्दरी तथा सुसंस्कृतलाई देखाउँदा पर्सियाका राजदूतहरू अत्यन्त प्रसन्न भए।'

राजकुमारी पाएपछि, ती राजदूतहरू फिर्ती यात्राका लागि निस्केस तर धेरै महिनाको पैदल यात्रापछि उनीहरूले त्यस राज्यमा आन्तरिक गडबडिका कारणले बाटो अवरुद्ध भएकाले राजधानी फिर्न बाध्य भए। सो बेला इष्ट-इण्डिजको यात्रा भर्खरै सिध्याएर मार्कोपोलो फिरेका थिए। र, ती राजदूतहरूले मार्कोसँग परामर्श गरेपछि समुद्री बाटोबाट पर्सिया फर्किने निर्णय गरे।

त्यस यात्राका लागि कुबलाइ खानले मजबुत र दुई वर्षसम्म टिक्ने चौधवटा ठूलठूला जहाजहरूको वेडा तयार गर्न लगाए। जब हिंड्ने बेला आयो, राजदूतहरूले पोलोहरूलाई उनीहरूको साथ जाने अनुमतिका निमित्त आग्रह गरे। त्यस्तो आग्रह गर्दा राजदूतहरूले पोलोहरूको समुन्द्रसम्बन्धी वृहत् ज्ञान र ती राजकुमारीको सुरक्षाको सुनिश्चित हुने कारण पेश गरे। कुबलाइ खाँले अन्त्यमा गएर उनीहरूका आग्रह स्वीकार गरे। ती राजकुमारी, ती राजदूतहरू एवं पोलोहरूले सन् १२९२ को सुरुमा फु-किएन प्रान्तको चीन चिउ बन्दरगाहबाट समुद्री यात्रा प्रारम्भ गरे।

यो साहसिक यात्रा पर्सियन खाडीको ओरमुजमा आइपुगेपछि, यी हाम्रा यात्रीहरूलाई कुबलाइ खानको मृत्यु भएको समाचार सुनाइयो, जुन सन् १२९४ मा भएको थियो। त्यस्तै जसकी श्रीमती बनाउन भनेर ती राजकुमारीलाई ल्याइएको थियो, ती अर्घूंको पनि मृत्यु भइसकेको थियो। त्यत्तिबेला उनीहरूले मुलुकभित्र अराजक स्थिति भएको पाए। तर केही समयपछि अर्घुंका छोरा घजनले आफ्नो आधिपत्य स्थापित गरे, राजाको उत्तराधिकार हात पारे, र उनले नै बाबुले सौतेनी आमा बनाउन ल्याएकी राम्री तथा सुसंस्कृत कोगाटिनसँग विवाह गरे।

पोलोहरूले आफ्नो यात्रा पुनः शुरु गरे र धेरै दुःख, कष्ट उठाउँदै सन् १२९५ मा भेनिस पुगे। तर भेनिसमा उनीहरू मरिसकेको कथा फैलिएर पनि सेलाई सकेको थियो। जब उनीहरूले आफ्नो घरमा गएर आफूलाई चिनाए, उनीहरूले आफ्ना घरहरू टाढाका नातेदारले कब्जा जमाएको पाए। ती नातेदारहरूले उनीहरूलाई चिन्न अस्वीकार गरे। बल्लबल्ल अन्तिममा उनीहरू आफ्नो परिचय स्थापित गर्न सक्षम भए। तिनीहरूले कुबलाइ खानसँग चीन फर्कने कबूल गरेका थिए, तापनि उनको मृत्यु भइसकेकाले तिनीहरू फर्कन चाहेनन्। तीन वर्षसम्म उनीहरूले आफू जन्मिएको शहरमा शान्तपूर्ण जीवन व्यतित गरे।

तर, सन् १२९८ मा भेनिस र जेनोआ बीचमा लडाइँ सुरु भयो यस लडाइँमा मार्को पोलो भेनिसका एड्मिरल आन्द्रेया डान्डोलोको मातहतको लडाकू समुद्री जहाजहरूमध्ये एकका सर्वोच्च सेनानायक बनाइए। उनीलाई ६ सेप्टेम्बर सन् १२९८ मा कुरजोलामा भएको समुद्री युद्धमा युद्धबन्दी बनाई जेनोआ लगियो।

त्यस शहरको जेलमा रहँदा उनको परिचय जेनोआ निवासी एक लेखक रुस्टी चेलो (उनलाई रुष्टी सिआनो, रुष्टीचेला, रुष्टिघिएलो समेत लेखिन्छ) सँग भयो। तिनै लेखकले मार्कोपोलोसँगको बारम्बारको सम्वाद र भेनिसबाट ल्याइएको यात्रीहरूका टिपोटहरूको सहयोगले, मार्कोपोलोका यात्रा लेखे।

युरोपमा प्रकाशित पुस्तकहरू मध्ये, यस पुस्तकमा पहिलो पटक चीनका बारेमा भरपर्दो तथा विस्तृत वर्णन छ। त्यस वर्णनमा कुबलाइ खानको भारदारी सभा, विभिन्न चीनियाँ प्रान्तहरू, मार्को पोलो चीनका सम्राटको जागिरे हुँदा उसले यात्रा गरेका विभिन्न देशहरूका वर्णनहरू र उनले थाहा पाएका महत्वपूर्ण आन्तरिक मामलाका विवरणहरू छन्।

चौधौं र पन्ध्रौं शताब्दी बीचका अवधिमा चीनप्रति युरोपेली चासोहरू प्रायः गरी रोमन क्याथोलिक धर्म प्रचारकहरूका प्रतिवेदनहरूमा सीमित रहेका छन्। यद्यपि त्यस अवधिमा चीन र ठूला इटालियन व्यापारीहरूका बीचमा उल्लेखनीय मात्रामा व्यापार चलिरहेको थियो। ती सुरुवाती दिनहरूमा चीनमा क्रिस्चियन धर्मको प्रचारका सबैभन्दा बढी संलग्न नामहरू थिएः- जोन अफ मोन्टेकोर्भिनो। तिनी सन् १२९२ मा चीन पुगेका थिए (जुन बेला पोलोहरू चीन छाड्दै थिए) र अर्का थिए - फ्रायर ओडोरिक, जसले १४ औं शताब्दीको शुरुवात तिर चीनमा तीन वर्ष बिताएका थिए।सोह्रौं शताब्दीमा अलेसान्द्रो भालिग्नानी, मिखायल रोजर तथा खासगरी म्याथ्यू रिकीको मार्गनिर्देशनमा चीनमा रोमन क्याथोलिक धर्म प्रचारक दलहरू धेरै सक्रिय थिए।

सन् १५१७ मा पोर्चुगाली राफेल पेरेष्ट्रेलो चीन पुगे। उनी युरोपेली राष्ट्रको झण्डा फहराउँदै आफ्नो पानी जहाज लिएर चीन पुग्ने पहिलो व्यक्ति थिए। उनी पुगेको केही पछि फर्डिनान्ड आन्द्रादे त्यहाँ पुगे। उनी क्यान्टनका चीनियाँ अधिकारीहरूसँग मित्रतापूर्ण र एउटा महत्वपूर्ण व्यापारिक सहमतिको आधार हुन सक्ने सम्बन्ध बनाउन सफल भए।

» क्रमश...

## केही कविका कवितामा बालबालिका

म चाहन्छु -
भेटिदा बालकसँगै भेटियोस् मुस्कान
भेटिदा फूलसँगै भेटियोस् वसन्त
मानौं सोधियो कि उसका बाबु कहाँ छन्
बालकले सानो औंलाले देखाओस्
चौतारोभरि बसेर हाँसिरहेका मानिस
र भनोस् त्यहाँको यौटा हाँसो उसको घरको हो।
मानौं सोधियो कि उसकी आमा कहाँ छिन्
बालकले सानो औंलाले देखाओस्
पाखाभरिको गुराँस
र भनोस् त्यहाको यौटा रङ उसको आफ्नो हो।
तर कसै गरी बिन्ति ! बालकले
नदेखाओस् आफ्नै आँखाको आँसु ....
– ***मनु मञ्जिल, 'गाउँले एक बालक सम्झेर'***

२.
लुकामारी खेल्दाखेल्दै केटाकेटीहरू
मेरो बस्तीमा बाक्लै लाग्ने हुस्सुमा गएर हराउँछन्
बताससंगै कहाँकहाँ कुदेर आउँछन्
घरी पानीसँगै रुझेर आउँछन्
घरी यी मसिना साँढेहरू
चोटै लाग्ने गरी कतै जुधेर आउँछन्।
लाग्छ, मकैबारीबाट
बट्टाइ लखेटेझैं लखेटु सैतानहरूलाई
र ढुक्क बसूँ !
तर बालकविनाको घर
धुन रित्तिएको सारंगी बन्छ
तारा नभएको रातको आकाश बन्छ
म के गरूँ ?
केटाकेटीहरू त चकचक नै राम्रा।
केटाकेटीलाई जत्तिको कसैलाई सुहाउँदैन
बदमासी, होहल्ला, झूट र केटाकेटीपन,
तर केटाकेटीहरूबाहेक
यो देशमा अरु मान्छेहरू चाहिँ
अलिक गम्भीर भैदिएकै सुहाउन्थ्यो कि ?
– ***मनु मञ्जिल, 'केटाकेटीहरू'***

३.
विचरा चुलो कुनामा एक्लो छ
र दाउरा चाहिँ चिन्ताको आगोमा
दन्दनी बलिरहेछ
चामलको कसौंडीमा अभाव पाकिरहेछ
थोत्रो चाल्नी दीनताका कणहरू
चालिरहेछ,
माटोको गाग्रोलाई प्यास लागेको छ
र अम्खोरा तनतनी
हाहाकार
पिइरहेछ ,
मेरो कविता पढिरहेका
साना साना भाइबहिनीहरू हो
के तिमीहरूले थाहा पाएनौ
भान्साकोठा भोको छ !
– ***विमल निभा 'बाल कविता'***

४.
सपनामा साथीहरूसँग
हातेमालो गर्दै
घरबाट लगेको खाजा
बाँडीचुंडी खान्छन्,
तर राज्य विस्तारको लागि
संघर्ष देख्दैनन्
बालकहरूको सपनामा
शरद र बसन्तको झैँ
फूलहरू फूल्छन्
त्यहा पुतली रमौरी र भमराहरू पनि हुन्छन्
आशक्ति पनि हुन्छ
तर मोहको नाममा युद्द हुँदैन
द्रोहको नाममा हिंसा हुँदैन।
– ***तीर्थ श्रेष्ठ, 'बालकहरूको सपना'***

५.
बच्चाहरू पढ,
र पत्ता लगाउ आफ्ना असफलताहरू हेर,
उनीहरू कसरी दुस्मन मिलाउँछन् ?
कसरी बादशाहलाइ पनि नांगै देख्ने साहस गर्छन् ?
झुटो हुन्छ
बच्चाहरूले हल्ला नगर्ने समाज
र कुनै अपराधले तयारी गरिरहेको हुन्छ।
– ***भूपिन, 'बच्चाहरूको बस्ती'***

६.
उ जन्म्यो
अवसादै अवसादका बिच
अवसादलाइ थप्पड हान्न जन्म्यो
कमल कसरी फक्रन्छ हिलोमा ?
हिलो छ्याप्ने हातहरूलाई जवाफ दिन जन्म्यो !
च्याँ, च्याँ.....
च्याँ, च्याँ...आवाजसँगै
हुँकार लिएर जन्म्यो
मध्यदिनको अँध्यारोमा
चुनौती तेर्साउदै प्रश्न गर्न जन्म्यो !

– ***सरस्वती प्रतिक्षा, 'चट्टान र चट्टानको शिशु'***
*(संकलकः– दिलिप ज्ञवाली)*

कथा

# लाइसेन्स

शहदत हसन मण्टो

अनुः जंगबहादुर शाह

लोकको हेराइबाट यस्ता कुरा जानेर त्यो झनै गर्विलो हुन्थ्यो र त्यसको घोडाको चाल झन आकर्षक बन्दथ्यो। उसका हातले घोडाका लगाम यसरी समातेका हुन्थे मानौं त्यसलाई समात्न जरुरी नै छैन। यस्तो भान हुन्थ्यो कि घोडा उसका इशाराबिना गइरहेछ र त्यसलाई आफ्ना मालिकको आदेशको आवश्यकता नै छैन। कहिलेकाहीँ त यस्तो अनुभव हुन्थ्यो कि अब्बू र उसको घोडा चन्नी, दुवै बस एक हुन्– सारा ताँगा एउटा हस्ती हो अनि त्यो हस्ती अब्बू बाहेक अरु को हुन सक्थ्यो !

(शअदत हसन मण्टो उर्दु भाषाका महान् साहित्यकार हुन् । मानवीय संवेदनाका सुक्ष्मतम पक्ष र विरोधाभाषी जीवनलाई उनले उजागर गरेका छन् । उनका कथा सरल भाषामा छन्, तर तिनले पाठकको मन-मस्तिष्कलाई उद्धेलित पारिदिन्छन् । मण्टोको कथा नेपालीमा निकै कम अनुवाद भएका छन् । अध्येता जंगबहादुर शाहले उनका केही कथाहरूको अनुवाद गर्नुभएको छ । मण्टोको कथाहरू नेपालीमा अनुवाद गरेर नेपाली पाठकलाई उनको स्वादसँग परिचित गराउनुहुने आदरणीय जंगबहादुर शाह धन्यवादको पात्र हुनुहुन्छ ।)

अब्बू कोचवान (ताँगावाला) निकै ठाँटिलो थियो । त्यसको ताँगा-घोडा पनि शहरमा नम्बर वन थियो । त्यो कहिल्यै मामूली सवारी बसाल्दैनन्थ्यो आफ्नो ताँगामा । त्यसका स्थायी ग्राहक थिए जसबाट त्यसले दिनहुँ दस-पन्ध्र रुपैयाँ, पाइहाल्थ्यो जो त्यसका लागि पर्याप्त थिए किनकि त्यो अन्य कोचवानझैं नशा-पानी गर्दैनथ्यो । तर, सफा-सुग्घर लुगा लगाउनु र सधैँ ठाँटिएर रहनु त्यसलाई औधी मन पर्थ्यो । जब त्यसको ताँगा सडकमा घुँघरु बजाउँदै गुज्रिन्थ्यो तब मानिसहरुका आँखा अनायास त्यसतिर केन्द्रित हुन्थे र तिनीहरु मनमनै भन्दथे– "बाँके- जवान अब्बू जाँदैछ....।"

लोकको हेराइबाट यस्ता कुरा जानेर त्यो झनै गर्विलो हुन्थ्यो र त्यसको घोडाको चाल झन आकर्षक बन्दथ्यो । उसका हातले घोडाका लगाम यसरी समातेका हुन्थे मानौं त्यसलाई समात्न जरुरी नै छैन । यस्तो भान हुन्थ्यो कि घोडा उसका इशाराबिना गइरहेछ र त्यसलाई आफ्ना मालिकको आदेशको आवश्यकता नै छैन । कहिलेकाहीँ त यस्तो अनुभव हुन्थ्यो कि अब्बू र उसको घोडा चन्नी, दुवै बस एक हुन्– सारा ताँगा एउटा हस्ती हो अनि त्यो हस्ती अब्बू बाहेक अरु को हुन सक्थ्यो !

ती सवारीहरु, जसलाई त्यसले स्वीकार गर्दैनथ्यो, मनमनै त्यसलाई गाली गर्दथे । कतिपय त सराप्दा पनि थिए– "खुदाले यसको घमण्ड तोहोस्.....खुदाले यसको ताँगा-घोडा नदीमा खसालिदेओस् ।"

मसिना जुँगाका छायाँमा रहेका उसका ओठमा आत्मविश्वासको मुस्कुराहट नाचिरहन्थ्यो, उसलाई देख्नासाथ अनेक ताँगावालाका हृदयमा जलन हुन्थ्यो । उसको देखासिकी गरी कतिपय कोचवानहरुले यताउताबाट रिन काढेर नयाँ ताँगा बनाउन लगाए । तिनलाई पित्तलका साजसज्जाले सजाए तर त्यति गर्दा पनि अब्बूको ताँगाको जस्तो शान पैदा हुन सकेन र न ती ग्राहक पाउन सके जो त्यसका ताँगा-घोडा प्रेमी थिए ।

एकदिन दोपहरमा अब्बू रुखको छायामा ताँगाउपर बसी उँघिरहेको बेलामा उसका कानले एउटा आवाज सुने । आँखा उघारेर हेर्दा उसले एउटी आइमाईलाई ताँगानेर उभिइरहेकी देख्यो ।

उसले त्यस आइमाईलाई एक नजर मात्र हेरेको थियो, तर त्यसको जवानीको तीर उसको दिलमा रोपियो । त्यो आइमाई नभई एउटी जवान केटी थिई सोऱ्ह-सत्र वर्षकी । दुब्ली-पातली तर, बलियी । रँग-रोगन श्यामल तर चहकिलो । कानमा चाँदीका साना-साना मुन्द्रा, सोझो-सर्लक्क परेको पातलो नाक र सोझो सिउँदो । नाकको टुप्पोमा एउटा सानो टल्कने तिल । लामो कुर्ता, नीलो शलवार र सिरमा च्यादर ।

केटीले कुमारी स्वरमा सोधी – "दाइ ! टेशन (रेलवे स्टेशन)सम्मको कति लिन्छौ ?"

जवाफमा उसले चिढ्याउने परामा भन्यो– "केही लिन्नँ ।"

जवाफ सुनेर श्यामला श्यामारुषा भई-आनन आरक्त भयो । त्यसले फेरि सोधी– "टेशनको कति ?"

उसले केटीलाई आफ्ना नजरमा कैद गऱ्यो– "तिमीसित के लिनु भाग्यवती ! आऊ, बस ताँगामा ।"

केटीले आत्तिदै, ढाकिएका पुष्ट उरोजलाई, आफ्ना हातले फेरि ढाक्दै भनी– "कस्ता कुरा गरेको ?"

उसले मुस्कुराउँदै भन्यो– "आऊ, बस न । मनलागी दिनू ।"

केटीले अलिबेर सोची र पछि पाउदानमा खुट्टा राखी ताँगामा बस्दै भनी– "छिटो, छिटो, टेशन ।"

उसले पलिल्तिर फर्केर भन्यो– "तिमीलाई निकै आत्तुरी छ सुन्दरी !"

"लाज-शरम केही छैन..." भन्दा-भन्दै चुप लागी त्यो ।

ताँगा गतिमान् भयो.....चली नै रह्यो.....अनेक सडक घोडाका खुर तलबाट गुज्रिए । उसका ओठमा शरारतपूर्ण मुस्कुराहट नाच्दै थियो र केटी अलि त्रस्त बसेकी थिइ ।

ताँगा दुगुरेको निकै बेरपछि केटीले डराएको आवाजमा सोधी– "टेशन अझै पनि आएन ?"

"आइहाल्छ.....तिम्रो-मेरो टेशन एउटै त हो ।" उसले अर्थपूर्ण जवाफ दियो ।

"के मतलब....?"

उसले फर्केर केटीतिर हेर्दै भन्यो– "अल्लारे ! के तिमी यति पनि बुझ्दिनौ कि तिम्रो र मेरो टेशन एउटै हो.....त्यसै बखत एक भएको थियो जब अब्बूले तिमीतिर हेरेको थियो......तिम्रो ज्यानको कसम, तिम्रो यो कमारो झुट बोल्दैन ।"

केटीले टाउकाको च्यादर व्यवस्थित गरी । त्यसका आँखाले स्पष्टतया बताउँदै थिए कि त्यसले अब्बूका कुराको अर्थ बुझिसकेकी छ । त्यसको अनुहार हेरेर यो पनि थाहा हुन्थ्यो कि त्यसलाई अब्बूले भनेको कुरा नराम्रो लागेको थिएन । त्यो दोधारमा थिई....दुवैको टेशन एउटा होस् वा नहोस् तर अब्बू मनमोहक त छ । के त्यो आफ्नो वचनको पनि पक्का छ ! त्यसले धोका त दिन्न !

अब्बूको आवाज सुनेर त्यो झसङ्ग भई– "के सोच्दैछौ भाग्यवती ?"

घोडा मस्त चालमा दुगुरिरहेको थियो, समीर शीतल थियो, सडकका दुवैतिर ठडिएका रुखहरु भागिरहेका थिए र तिनका शाखा-प्रशाखा सुस्त-सुस्त हल्लिंदै थिए । घोडाका घुंघरुको एकतमास रुन्झुन बाहेक अरु कुनै आवाज थिएन । त्यो गर्धन मोडेर केटीको श्यामल सौन्दर्यलाई आफ्ना नजरले चुमिरहेको थियो । केही समयपछि यसले घोडाका लगाम ताँगाका छडमा बाँधिदियो र आफू उफ्रेर पछिल्लो सीटमा केटीसँग गईबस्यो ।

केटो मौन रही ।

त्यसले केटीका दुवै हात समात्दै भन्यो– "आफ्नो लगाम मेरो हातमा दिइहाल ।"

केटीले यति मात्र भनी– "छोड न मेरो हात..."तर, त्यो अर्को क्षणमा अब्बूको बाहुपाशमा थिई । त्यसको मुटुको धड्कन एकदम तेज भएको थियो ।

अब्बूले प्रेमसिक्त स्वरमा सुस्तरी भन्यो– "ताँगा र घोडा मलाई प्राणभन्दा प्यारा छन् । कसम एघारौं पीर (धर्मगुरु)को...म ताँगा-घोडा बेचेर तिम्रा लागि सुनका बाला बनाउन लगाउनेछु, स्वयं फाटेका लुगा लगाउनेछु तर, तिमीलाई रानी बनाएर राखूँला....कमस त्यस अप्रतिम सर्वेश्वरको.....जिन्दगीमा यो मेरो प्रथम प्रेम हो......तिमी मेरी भइनौ भने म तिम्रै अगाडि आफ्नो घाँटी रेटिदिनेछु ।" त्यति भनेर त्यसले केटीलाई सुस्तरी आफ्नो बाहुपाशबाट मुक्त गरिदियो र फेरि भन्यो– "मलाई एक्कासि के भयो थाहा भएन....हुन्छ, म तिमीलाई टेशन पुऱ्याइदिउँला.....।"

केटीले सुस्तरी भनी– "हुन्न ! अब त तिमीले मलाई छोइसक्यौ ।"

अब्बूले गर्धन झुकाएर भन्यो– "मलाई माफ गरिदेऊ, गल्ती भयो ।"

"यस गल्तीसँग निर्वाह गर्न सक्छौ ?"

केटीको बोलाइमा हाँक थियो मानौं कसैले अब्बूसँग भनेको होस्– "लैजाउला आफ्नो ताँगा त्यस ताँगाभन्दा अगाडि !"

त्यति सुन्नासाथ त्यसको झुकेको शीर ठडियो र आँखा भास्वर भए– "सौभाग्यवती !" भनेर उसले आफ्ना पुष्ट छातीमा हात राख्दै भन्यो– "त्यसो भए समात मेरो हात !"

उले केटीको हात मजबुतीसाथ समात्दै भन्यो– "कसम आफ्नो यौवनको.....अब्बू तिम्रो दास रहनेछ ।"

अर्को दिन अब्बू र त्यस केटीको बिहे भयो ।

केटीको नाम इनायत (दया, अनुकम्पा) थियो । त्यो गुजरात (पाकिस्तानको एउटा जिल्ला)की चर्मकार (सर्किनी) थिई । त्यो आफ्ना नातेदारहरुसँग आएकी थिई । त्यसका नातेदार स्टेशनमा प्रतीक्षारत रहे र त्यसले त्यसै अवधिमा प्रेमका सारा मञ्जिल पार गरिदिई ।

अब्बू र इनायत (छोटकरीमा नीति) दुवैजना अत्यन्त प्रसन्न थिए । न नीतिले चाही, न अब्बूले ताँगा-घोडा बेच्यो, न इनायत वा नीतिका लागि सुनका बाला बनाइए । तर अब्बूले आफ्ना जम्मा पूँजीले त्यसका लागि सुनका मुन्द्री किनिदियो, रेशमको सूत बनाइदियो । नीतिका लागि ती कम थिएनन् ।

रेशमी परिधानमा जब त्यो लस्कँदै अब्बूको सामु आउँदथी तब अब्बूको मनमयूर नाच्दथ्यो । त्यसले इनायतलाई अंकमाल गर्दै भन्दथ्यो– "कसम पंजनन पाक (पावन पाँच, यथा– हज्रत मुहम्मद, हज्रत अली, हज्रत फातिमा र उनका दुई पुत्र इमाम हसन र इमाम हुसैन)को दुनियाँमा तिमी जस्ती राम्री अरु कोही छैन । नीति ! तिमी मेरो दिलकी रानी हौ ।"

दुवै जवानीको मस्तीमा डुबेका थिए । गाउँदै, हाँस्दै, सैर गर्दै एक महिनामात्र बितेको थियो कि एकदिन अचानक पुलिसले अब्बूलाई गिरफ्तार गऱ्यो र नीति पनि समातिई । अब्बू उपर अपहरणको मुद्दा चल्यो किनकि नीति वयस्क थिइन । नीतिले अदालतमा दृढता देखाए पनि अब्बूलाई दुई वर्षको कारावासको सजाय सुनाइयो ।

अदालतको आदेश सुनेर नीति अब्बूसँग लेपेटिई । त्यसले रुँदै जम्मा यति भनी– "म आफ्ना आमा-बाको घर जान्नँ । तिम्रै घरमा तिमीलाई पर्खी बस्नेछु ।"

अब्बूले त्यसको पिठ्यूँ थपथपाउँदै भन्यो– "बाँची रहू ! मैंले ताँगा-घोडा दीना (मान्छेको नाम) लाई दिएको छु । त्योसँग भारा असुल गरिरहनू ।"

नीतिका आमाबाबुले निकै प्रयास गरे तर त्यो तिनीहरुसँग गइन । निराश भएर तिनीहरुले नीतिलाई त्यसको भाग्य भरोसे छाडिदिए ।

नीति अब्बूको घरमा एक्लै बसी र प्रत्येक साँझ दीना त्यसलाई पाँच रुपैयाँ दिएर जान्थ्यो, जो त्यसका आवश्यकताका लागि पर्याप्त थिए । त्यसले कही धन बचाएर पनि राखेकी थिई ।

अब्बूसँग त्यसको भेटघाट सातामा एकपटक हुन्थ्यो जो अत्यन्त छोटो हुन्थ्यो । त्यसले आफ्नो संचित पूँजी जेलमा बसेको अब्बूका सुख-सुविधाका लागि खर्च गरिदिई । एकदिन अब्बूले त्यसका बुच्चा कान देखेर सोध्यो– "तिम्रा मुन्द्रा कहाँ गए नीति ?"

त्यसले सन्तरीतिर हेर्दै मुस्कुराउँदै भनी– "गुम भए कतै ।"

अब्बूले अलि रिसाउँदै भन्यो– "तिमीले मतिर धेरै ध्यान दिनुपर्दैन । म जस्तो छु, ठीक छु ।"

त्यसले त्यस विषयमा केही नभनीकन, "भेटघाटको समय सिद्धियो" भन्दै मुस्कुराउँदै बाहिरिई । घर पुगेर त्यो धेरै रोई, घण्टौं अश्रुपात गरिरही । त्यस मुलाकातमा ऊ निकै धैर्य प्रदर्शित गर्दै मुस्कुराइरहेकी थिइ । उसले महसुस गरेकी थिइ कि अब्बूको स्वास्थ्य एकदम चौपट भइसकेको छ । त्यस्तो लक्का जवान अब्बू रोगिएर आधा भएको छ । उसले त्यसलाई चिन्न सकेकी थिइन । त्यसले सोँची– "अब्बूलाई मेरो चिन्ताले खाइरहेछ । वियोगले अब्बूलाई यस्तो अवस्थामा पुऱ्याएको हो ।"

चिन्ता, वियोग, कारागार, त्यहाँको कमसल खाना र त्यहाँ गर्नुपर्ने कठिन परिश्रमबारे त त्यसलाई थाहा थियो तर त्यसलाई के थाहा थिएन कि क्षयरोग त उसको वंश-परम्पराबाट पाएको हो । अब्बूको पिता त्यो भन्दा पनि तगडा थियो तर क्षयरोगले त्यसलाई केही सालभित्रै कब्रमा पुऱ्याइदिएको थियो । अब्बूको दाइ पनि कडियिल जवान थियो तर ठीक युवावस्थामा त्यो यस रोगबाट आखेट भएको थियो । अब्बूलाई यस्तो वंशानुगत रोगबारे थाहा थिएन । जेलेको अस्पतालमा अन्तिम सास लिइरहेको समयमा उसले खदपूर्ण स्वरमा नीतिसँग भनेको थियो– "यति छिटो मरुँला भन्ने कुरा थाहा पाएको भए, खुदा कसम म तिमीसँग विहे गर्ने थिइनँ । मैले तिमीउपर जुलुम गरें, मलाई माफ गरिदेऊ । हेर, मेरो एउटै चिन्ता छ, मेरो ताँगा-घोडा । त्यसको ख्याल राख्नू र छोरा चन्नीको सिर मुसार्दै भन्नु कि अब्बूले प्यार पठाएको छ ।"

अब्बू मरिहाल्यो । नीतिको सर्वस्व मरिहाल्यो । त्यति छिटो सबै खत्तम भए । तर, नीति साहसी आइमाई थिई । त्यसो त्यो आघात सहन गरी । त्यो दिनभरी घरमा नितान्त एकाकी बसिरहन्थी । बेलुकीपख दीना आउँदथ्यो, भाराको पाँच रूपैयाँ त्यसलाई दिंदै दिलासा दिंदै भन्दथ्यो– "भाउजु ! अल्लामियाँसँग कसैको जोर चल्दैन । अब्बू मेरा मित्र मात्र नभई मेरा दाइ पनि थिए....खुदाको आदेशानुसार सकेजति गर्नेछु ।"

शोकका (आशौचका) सय दिन पूरा भएपछि एकदिन दीनाले इनायतसँग सफा शब्दमा बिहे गर्ने कुरा गऱ्यो । इनायतको मनमा त आयो कि त्यसलाई धक्का मारेर निकालिदिऊँ तर त्यसले यति मात्र भनी– "भाइ ! म बिहे गर्दिनँ ।"

त्यसै दिनदेखि दीनाको व्यवहारमा परिवर्तन आयो । पहिले त्यो, दिन बिराईकन साँझ पाँच रुपैयाँ दिएर जान्थ्यो तर अब त्यो कहिले चार त कहिले तीन दिंदै भन्दथ्यो– "भाउजु ! धन्दा मन्दा छ ।" त्यसपछि त्यो दुई-दुई, तीन-तीन दिन गायब रहन थाल्यो ।

बहाना ? "सञ्चो थिएन, ताँगा जोत्न सकिनँ, ताँगाका पाट-पुर्जा खराब भएका थिए, मर्मत गराउँदा सारा दिन बर्बाद भयो ।"

अति भएपछि नीतिले दीनासँग भनी– "भाइ दीने ! अब तिमी कष्ट नगर । ताँगा-घोडा मेरो जिम्मा लगाऊ ।"

निकै आलटालपछि अन्ततः दीनेले मजबूरीमा ताँगा-घोडा नीतिलाई सुम्पनुपऱ्यो ।

केही दिन सोच विचार गरेपछि नीतिले ताँगा-घोडा अब्बूका अर्को घनिष्ट मित्र माँझेलाई दिइ । केही दिनपपिछ माझेले पनि बिहे गर्ने बिन्ती बिसायो । असहमति जनाउनासाथ त्यसले पनि आफ्नो सक्कली रूप देखायो । हैरान भएर नीतिले ताँगा-घोडा एउटा अपरिचित कोचवानलाई दिइ । एकदिन साँझपख जब त्यो नयाँ कोचवान भारा दिन आयो र नीतिले देखी त्यो टिल छ । ढोकामा कदम राख्दासाथ त्यसले नीतिसँग हातपात गर्ने प्रयास गऱ्यो । नीतिले त्यसलाई खरो खरो सुनाएर बाहिर निकालिदिइ ।

अब भने नीति निकै उल्झनमा फसेकी थिई । आठ-दस दिनदेखि ताँगा-घोडा बेकार तबेलामा थन्किएका थिए । घाँस दानाको खर्च एकातिर त तबेलाको भारा अर्कोतिर । कोचवानहरु भने कोही बिहे गर्ने प्रयाशी त कोही उसको अस्मितासँग खेल्ने प्रयास गर्ने त कोही भाराभार । नीति सोच्दा-सोच्दै पागल जस्ती भइ । तर, एकदिन त्यसको मस्तिष्कमा विचार आयो– "मैले आफै ताँगा चलाए कसो होला ! अब्बूसँग घुम्न जाँदा त ताँगा म आफै हाँक्दथें । शहरका बाटा घाटासँग पनि म परिचित छु ।"

त्यस्तो त सोची तर फेरि आशंका जाग्यो– "लोकले के भन्ला ?"

जवाफ उसले आफैँ दिइ– "के महिलाले मिहिनेत-मजदूरी गर्दैनन् ! आफिस जाने महिलाहरु, कोइला चुन्ने महिलाहरु, घरैमा बसेर पनि त हजारौं नारीहरु काम गर्दछन्....के हानि होला.....पेट त कसैगरी पनि पाल्नु छ ।"

उसले केही दिन सोचविचार गरी र अन्ततः निर्णय लिई कि ताँगा उसले स्वयं चलाउनेछ । उसलाई आफू उपर पूरा विश्वास थियो । अतः एकदिन अल्लाहको नाम लिएर ऊ तबेलामा पुगी । उसले ताँगामा लागेका साजोसामान सफा गरेर टल्काई, घोडालाई राम्ररी नुहाइदिई....खूब तयार गरी । ताँगा जोत्न थाल्दा कोचवान्हरु वाल्ल परे । ताँगावालहरु त्यसरी चकित रहेकै बेलामा अब्बूसँग मनमनै प्रेमसिक्त कुरा गर्दै अस्तबलबाट बाहिर निस्किई । त्यो सिद्धिहस्त थिई । ताँगा-परिचालनकी स्वामिनी थिई त्यो ।

शहरमा तहल्का मच्चियो कि एउटी सुन्दरी कोचवान बनेकी छ । जतातत्तै उस्तै चर्चा भयो । मानिसहरु सुन्दथे र त्यसको ताँगा सडकमा दुगुरेको देख्न लालयित हुन्थे । शुरु-शुरुमा त मानिसहरु नीतिको ताँगामा बस्न हिचकिचाउँदथे तर केही दिनुपछि त्यस्तो संकोच तिरोहित भयो । तब त नीतिको ताँगा एक मिनेछ पनि खाली नरहने भयो । जे होस्, नीतिको आय बढिरहेको थियो ।

उसले महसूस गरी कि ताँगा दिनभरी दगुर्छ, त्यसकारण न त्यसलाई र न अब्बूको चन्नीलाई सुस्ताउने समय नै हुँदैन । निकै सोच-विचारपछि त्यसले ताँगा चलाउने समय निश्चित गरिदिई । सोही अनुसार त्यसले बिहान सातबजेदेखि दोपहर बाऱ्ह बजेसम्म र दुई बजेदेखि साँझ छ बजेसम्म ताँगा जोत्न थाली । तब आराम पाउन थाली, आय त थियो नै ।

तिनीहरु कारणविना, बेमतलब, ताँगा यताउता लैजान भन्दथे र ताँगामा बसेर अश्लील मजाक गर्दथे । त्यसलाई सुनाउनका लागि अनौठा र उदेक लाग्दा कुरा गर्दथे । त्यो प्रायः अनुभव गर्दथी कि त्यसले आफूलाई नबेचे पनि मानिसहरु चुपचाप त्यसलाई किनिरहेछन् । त्यसलाई यो पनि थाहा थियो कि सारा शहरका ताँगावाला त्यसलाई नजाती ठान्दछन् । त्यस्ता-त्यस्ता अनुभव भए पनि त्यो परेशान भने थिइन । आफूमाथि भरोसा भएकाले त्यो शान्त र सन्तुष्ट थिई ।

एकदिन शहरको कमेटी (नगरपालिका)ले त्यसलाई बोलाएर भन्यो– "तिमी ताँगा चलाउन पाउन्नौ ।"

त्यसले सोधी– "महोदय ! किन पाउन्नँ ?"

"लाइसेन्सबेगर तिमी ताँगा चलाउन पाउन्नौ । लाइसेन्सबिना तिमीले ताँगा हाँक्यौ भने तिम्रो ताँगा-घोडा जफत गरिनेछ । अनि आइमाईलाई ताँगा चलाउने लाइसेन्स दिइदैन ।" नगरपालिकाको जवाफ थियो ।

त्यसले भनी– "हजुर ! तपाईंले मेरा ताँगा-घोडा जफत गर्ने भए गर्नुहोस् तर मलाई यो त बताउनुहोस् कि म ताँगा चलाउन किन पाउँदिनँ ? आइमाईले चर्खा चलाएर पेट पाल्न सक्छन्, आइमाईले टोकरी बोकेर रोजी कमाउन सक्छन्, आइमाईहरु कोइला चुनेर गाँस कमाउन सक्छन् भने म आफ्नै ताँगा चलाउन किन पाउँदिनँ ? हजुर ! मउपर दया गर्नुहोस् । तपाईं मलाई मिहिनेत-मजदूरी गर्न किन दिनुहुन्न ? मैलै आफ्नो गुजारा कसरी गर्ने ? भन्नुहोस् त ! बताउनुहोस्-बताउनुहोस् !!"

शहरको कमेटीले जवाफ दियो– "जाऊ बजार (अर्थात् बेश्यालय)मा गएर बस । त्यहाँ कमाइ धेरै हुन्छ ।"

त्यस्ता कुरा सुनेर इनायतभित्रको इनायत (अनुकम्पा) जलेर खाक भयो । त्यसले सुस्तरी भनी– "हुन्छ हजुर !"

र त्यो बाटो लागी ।

त्यो औने-पौनेमा ताँगा-घोडा बेचेर अब्बूको कब्र (चिहान) नेर गई । केही समय मौन रही । त्यसका आँखा एकदम शुष्क थिए मानौं वर्षापछिको तेज धूपले तरलता सोसिसकेको होस् । केही छिनपछि त्यसका मिचिएका ओठ खुले । त्यसले अब्बूलाई सम्बोधन गरी– "अब्बू ! आज तिम्री नीति कमेटीको दफ्तरमा मरिहाली.....।"

अर्को दिन त्यसले कमेटीको दफ्तरमा अर्जी दिइ ।

र, त्यसले आफ्नो शरीर बेच्ने लाइसेन्स पाइहाली ।

---

**चीनमा...**

दुर्भाग्यवश, फर्डिनान्डको भाई सिमोन, (जो उम्दा प्रकारको धक्कुवाज प्रतीत हुन्छ) त्यो पनि अर्को वर्ष त्यहाँ पुग्यो र आफूलाई चीनियाँ अधिकारीहरू समक्ष यति अवाञ्छित तुल्यायो कि उसलाई चीनियाँहरूले सन् १५२१ मा त्यहाँबाट खेदे । सन् १५५७ मा पुर्तगालीहरूले आफूलाई क्यान्टन नजिकै मकाओमा स्थापित गरे, जुन अझैसम्म उनीहरूको अधिनमा छ । कुनै समय मकाओ एउटा चल्तीको बन्दरगाह थियो । तर हङकङको उदयसँगै मकाओको व्यापारको अवसान भयो र त्यस शहरमा ध्यान दिन लायकको एउटा ध्वाँस मात्र बाँकि रह्यो- कि पुर्तगाली कवि क्यामोएन्सले आफ्नो रचना ल्युसियाड्सको एउटा ठूलो अंश सम्भवतः त्यहाँ लेखेका थिए ।

चीनसँग पुर्तगालको सम्बन्धका बारेमा यो भन्दा बढी लेख्नु जरुरी छैन, किनभने यो सम्बन्धको सबै प्रकारको महत्व दुई शताब्दी अघि नै खतम भइसकेको थियो ।

सोह्रौ शताब्दीमा भएको एक मात्र अर्को ध्यान दिन योग्य घटना- सन् १५६७ मा सम्राट लुङ्किङको दरबारमा दुईजना रुसी दूतहरूलाई पठाउनु थियो । ती दूतहरूले सम्राटलाई चढाउने कुनै कोशेली प्रदान नगरेकाले सम्राटसँग भेट गर्ने मौका पाएनन् ।

सत्रौं शताब्दीको शुरुवात देखि यता चीनको युरोप, संयुक्त राज्य अमेरिकासँगको सम्बन्धका बारेमा छलफल गर्नु आवश्यक छ । चीनको ती हरेक राष्ट्रसँगको अलग-अलग सम्बन्धका बारेमा छलफल गरिनु राम्रो हुनेछ । र, अन्त्यमा आज चीनमा रहेका शक्तिशाली राष्ट्रहरूका अन्तर्विरोधपूर्ण स्वार्थ एवं महत्वाकांक्षाहरूका बारेमा प्रष्ट हुँदा चीनलाई पश्चिमा विश्वका अहितमा नहुने गरी उल्झाउन सकिन्छ ।

(सन् १९०२ मा प्रकाशित एलेण्डे आयरल्याण्डद्वारा लिखित 'चाइना एण्ड पावर्स'को छोटो अंश । यो पुस्तक जम्माजम्मी १५० प्रति छापिएका थिए । खासखास व्यक्तिलाई वितरण गरिएका थिए र त्यसपछि यसको प्रिन्टिङ्ग प्लेट नष्ट गरिएका थिए ।)

(साभारः नेपाल रिडर्स डटकम)

ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५, ९८००७६०६२२

ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

# सडक कब्जा गरेर कार्यक्रम !



**सडक कब्जा गरेर कार्यक्रम :**
बुटवलको देवीनगर चौपारीमा सडक कब्जा गरेर तिज विशेष कार्यक्रम गर्दा भीडभाडले सर्वसाधारण र सवारी साधन आवतजावतमा समस्या, तीजको रमाइलो गर्न आएका महिलाहरु साँघुरो ठाउँका कारण उकुसमुकुसको वातावरण हुनुका साथै आसपासमा सवारी चापले दुर्घटनाको समेत जोखिम र सर्वसाधरणलाई हिंड्डुलमा समेत बाधा देखिएको थियो । नजिकै लुम्बिनी वाणिज्य क्याम्पस र नवीन औद्योगिक कदरबहादुर माध्यमिक विद्यालयको प्रांगण, देवीनगरमै रंगशाला नजिक पर्याप्त खाली ठाउँ हुँदाहुँदै सडक कब्जा गरेर वर्षेनी कार्यक्रम गर्दा समेत सँगै रहेको प्रहरी बिट, स्थानीय र जिल्ला प्रशासन, ट्राफिक प्रहरी रमिते बनेका छन् । आगामी वर्षदेखि सडकमा होइन, सार्वजनिक चौरमा कार्यक्रम गर्न दिनेतर्फ सरोकारवाला निकायको ध्यान जान जरुरी छ । *तस्विर : दैनिक लुम्बिनी ।*

# तिज पर्वको मौलिकता विस्तारै हराउँदै



कपिलवस्तु । विकृतिले प्रश्रय पाउँदा तिज पर्वको मौलिकता विस्तारै हराउँदै जान थालेको छ । तिज आउनु महिना दिनअघिदेखि नै गाउँदेखि शहरसम्ममा टोल-टोलमा दर खाने नाममा पछिल्ला वर्षहरुमा भड्किलो र विकृत संस्कृतिले प्रश्रय पाउँदै आएको छ । यस्ता विकृतिलाई हटाएर तिजको मौलिकतालाई जोगाउनु सबैको कर्तव्य हो ।

पहिले-पहिले आमा-दिदीबहिनीले तिलकुमारी ज्ञवालीले गाएजस्तै भगवान्का गीत र मनै लोभ्याउने तिजका मौलिक गीत गाएर नाचगान गर्थे । तर, अचेल तिजमा यस्ता भाका विरलै मात्र सुनिने गरेका छन् । उहाँ मात्र होइन, त्यतिबेलाका सबै हिन्दू नारीहरुले तिजका यस्तै सुन्दर गीत र नृत्य प्रस्तुत गर्थे । तर आजकाल तिजका नाममा चाडबाड आउनु एक महिनाअघिदेखि नै गाउँदेखि शहरसम्मका टोल बजारमा जताततै भड्किला प्रस्तुति र महँगा गरगहना एवं लत्ताकपडा प्रदर्शन हुँदै आएको छ ।

यस्ता भड्किला र छाडा गतिविधि रोकिनुपर्नेमा महिला अधिकारकर्मी पूर्णा खनालले जोड दिइन । तिजका नाममा भइरहेका यस्ता विकृति बन्द गरेर परम्परागत संस्कृतिलाई बचाउँदै आपसी सद्भाव र मेलमिलापको चाडका रुपमा तिजलाई पुनः स्थापित गर्नुपर्नेमा उनीहरुले जोड दिएका छन् ।

तिज मात्र नभई कुनै पनि चाडबाडका नाममा हुने विकृति रोकिन सकेमात्रै ती चाडपर्वहरु समाजमा जीवन्त भएर रहिरहने पुराना पुस्ताका महिलाआमा दिदीबहिनीहरु बताउँछन् ।

# ‘बोर्ड पनि फेर्न सकिएन’



तुलसीपुर (दाङ) । दाङको तुलसीपुर उपमहानगरपालिका-७ स्थित बालकल्यान प्राविमा अधिकांश सहाराविहीन विद्यार्थीले अध्ययन गर्दै आएका छन् । बजारभित्रकै उक्त विद्यालयमा न्यून आय भएका तथा सहाराविहीन विद्यार्थी अध्ययन गर्ने गरेका हुन् ।

“यहाँ कोही आमा नभएका, कोही बुबा नभएका, कोही रोजगारीका लागि भारतलगायत देशमा गएका बालबालिका पढ्छन्”, विद्यालयका प्रधानाध्यापक हुमबहादुर केसीले भने-“न्यून आय भएका विद्यार्थीले पढ्ने विद्यालय बनेको छ ।”

शिशुदेखि ५ कक्षासम्म सञ्चालित उक्त विद्यालयमा ८८ जना विद्यार्थी भर्ना भए पनि ६५ जनामात्र नियमित विद्यालय आउने गरेका छन् । विसं २०४५ मा विद्यालय स्थापना भएको हो, त्यसयता नियमित सञ्चालनमा छ ।

विद्यालयको आम्दानीको स्रोत पनि त्यस्तै न्यून छ । विभिन्न दाताहरूको सहयोगमा विद्यालय सञ्चालन हुँदै आएको छ । त्यो विद्यालयले बोर्डसमेत फेर्न सक्ने अवस्था छैन । सो ठाउँ सङ्घीयतापछि तुलसीपुर-७ नं. वडा भए पनि त्यहाँको बोर्डमा अझैं ‘तुलसीपुर नगरपालिका-४’ नै लेखिएको छ । जुन बोर्ड सङ्घीयता आउनुभन्दा अघिकै बोर्ड हो ।आर्थिक अभावकै कारण बोर्ड पनि फेर्न नसकिएको प्रधानाध्यापक केसीले बताए । अहिले सोही विद्यालयमा सात जना शिक्षक-शिक्षिका कार्यरत छन् । सो विद्यालयलाई स्थानीय सरकारले पनि गम्भीर रूपमा हेर्नुपर्ने प्रअ केसीले बताए ।

# टिकटकमाथिको प्रतिबन्ध हट्यो




बुटवल । सरकारले सामाजिक सञ्जाल टिकटकको प्रयोग/पहुँचमा लगाएको प्रतिबन्ध हटाएको छ । नेपाल दूरसञ्चार प्राधिकरणले शुक्रबार सूचना जारी गरी सबै इन्टरनेट र मोबाइल सेवा प्रदायकलाई उक्त प्रतिबन्ध हटाउन निर्देशन दिइएको जनाएको छ ।

प्राधिकरणको निर्देशनसँगै प्रयोगकर्ताका मोबाइलमा टिकटक सञ्चालन हुन थालेका छन् । सरकारले यही भदौ ६ गते सामाजिक सञ्जालका रुपमा प्रयोग भइरहेको टिकटकको प्रयोगमा लगाइएको रोक हटाउने निर्णय गरेको थियो ।

सरकारले सामाजिक सद्भाव एवं सामाजिक वातावरणमा थप नकारात्मक असर नपुगोस् भन्ने हेतुले थप व्यवस्थित र मर्यादित तुल्याउने गत कात्तिक २७ गतेदेखि नेपालभित्र टिकटकको प्रयोगमा रोक लगाएको थियो ।

# अज्ञात रोगबाट थप एकको मृत्यु, अवस्था नियन्त्रणमै



राँझा (बाँके) । बाँकेको नरैनापुरमा अज्ञात रोगबाट थप एकजनाको मृत्यु भएपछि स्थानीयवासी भयभित हुन थालेका छन् ।

नरैनापुर गाउँपालिका-६ गङ्गापुरस्थित सोनवर्षा निवासी २८ वर्षीया निर्मला पासीको बुधबार उपचारका क्रममा मृत्यु भएको छ । पासीलाई १८ गते राति बान्ता भएपछि स्थानीय मेडिकलमा जाँच गराई बुधबार नेपालगञ्जस्थित शिक्षण अस्पतालमा थप उपचारका लागि लगिएकामा उनको उपचारकै क्रममा मृत्यु भएको नरैनापुर वडा नं. ६ स्थित गङ्गापुर स्वास्थ्यचौकी इञ्चार्ज भरतराज बुढाथोकीले जानकारी दिए ।

केही दिनअघि नरैनापुरकै वडा नं. ३ गेग्ली गाउँमा झाडापखालाको लक्षण देखिएर चार जनाको मृत्यु भएको थियो । बुधबार निर्मलाको अचानक मृत्यु भएपछि गङ्गापुरका स्थानीयवासी स्वास्थ्यचौकीमा परीक्षणका लागि आउनेक्रम बढेको स्वास्थ्यचौकी इञ्चार्ज बुढाथोकीले बताए । “यो बेला मौषमी ज्वरो, आउँमासी, पेट दुख्ने समस्या प्रायः हुने गर्दछ, स्वास्थ्यचौकीमा पनि झाडापखालाको लक्षण भएका केही बिरामी उपचारका लागि आएका छन्”, उनले भने-“झाडापखालाको प्रकोप छैन, तर एकजनाको ज्यान गएपछि स्थानीयवासी डर त्रासले स्वास्थ्यचौकीमा जाँचका लागि आउनेक्रम बढेको छ ।”

स्वास्थ्यचौकीमा बिहीबार एकैदिन एक सय छ जना ज्वरो, आउँ र झाडापखालाको समस्या लिएर आएको उनले जानकारी दिए । जसमध्ये ४५ जनाले आउ र पखालाको लक्षण देखिएको छ । त्यसमध्ये तीन जनामा जलवियोजनको अवस्था पाइएपछि औषधोपचार गरेको बुढाथोकीको भनाइ छ ।

अहिले गाउँमा ज्वरो र झाडापखाला जस्ता लक्षण भएका बिरामीहरू फेलापरेको स्थानीय सोहनलाल यादवले बताए । गेग्ली गाउँ र सोनवर्षामा गरी चारजनाको मृत्यु भएपछि नरैनापुरवासीमा डरत्रास देखिएको उनको भनाइ छ । नरैनापुर गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख नगेन्द्रकुमार साहले हाल मौषमी ज्वरो, आउँ, पेट दुख्ने समस्या देखिरहेको उल्लेख गरे । गाउँमा गएर बुझ्दा अवस्था नियन्त्रित अवस्थामै रहको पाइएको उनले बताए । गाउँपालिकामा कुनै पनि किसिमको सङ्क्रमण फैलिन नदिन आफूहरूको ध्यान केन्द्रित भएको र स्वास्थ्य टोली गाउँमा खटाएर बिरामीलाई उपचारमा ल्याउन र सचेतीकरण गर्ने काम गरिरहेको स्वास्थ्य शाखा संयोजक साहले जानकारी दिए ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

ट्वाइलेट सफा गराउनुहोस्
बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रुपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com